लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही

# नागरिक वडापत्र (Citizen Charter)

| क्र.सं. | सेवाको प्रकृति | सेवाग्राहीले पुऱ्याउनुपर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजातहरु | लाग्ने समय | लाग्ने राजश्व/दस्तुर रकम | सेवा प्रदान गर्ने जिम्मेवार फाँट, शाखा, अधिकृत | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | उद्योग र वाणिज्य (स्थानीय व्यापार): प्राइभेट / साझेदारी फर्म / प्रा.लि. दर्ता | क. रु १०/- को टिकट टाँसी अनुसूची -१ को ढाचाँमा उद्योग दर्ताको निवेदन,<br>ख. सम्बन्धित व्यक्तिको सक्कलै नागरिकताको प्रमाणपत्र, सोको प्रतिलिपी र दुई प्रति फोटो,<br>ग. भाडा तिर्नु नपर्ने एकाघर परिवारको घर जग्गा भए सहमति पत्र/ मन्जुरीनामा,<br>घ. साझेदारी फर्मको हकमा साझेदारहरुको कबुलियतनामा,<br>१. **वाणिज्य (स्थानीय व्यापार)को हकमा थपः-**<br>✓ फर्म रहने घर/जग्गाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी वा अन्य निस्सा,<br>✓ घरजग्गा धनिसँग कम्तिमा ५ वर्षको भाडा सम्झौता पत्र,<br>✓ व्यापारको प्रकृतिको बमोजिम आवश्यकताका अनुसार सम्बन्धित कार्यालय, वडाको सिफारिस र सर्जमिन मुचुल्का,<br>२. **उद्योगको हकमा थपः-**<br>✓ सम्बन्धित वडाको सिफारिस पत्र साथै सधियारहरुको सहमति सहितको सर्जमिन मूचुल्का,<br>✓ उद्योग/ फर्म रहने स्थानको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी,<br>✓ घरजग्गा धनिसँग कम्तिमा ५ वर्षको भाडा सम्झौता पत्र,<br>✓ जग्गाधनिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,<br>✓ परियोजनाको विवरण संलग्न गरेको फाराम/ व्यावसायिक स्कीम,<br>✓ खाद्य सामाग्री प्रशोधन, प्याकेजिङ /उत्पादन गर्ने उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको सहमती पत्र,<br>✓ काठमा आधारित उद्योगले वन कार्यालयको दुरी प्रमाणित पत्र,<br>✓ ड्राइभिङ्ग इन्सिच्युट दर्ताका लागि आफ्नै फिल्ड भएको वा यातायात व्यवस्था कार्यालयको सहमति पत्र,<br>✓ पर्यटन र स्वास्थ्य सम्बन्धी उद्योगको हकमा पर्यटन कार्यालय / स्वास्थ्य कार्यालयको सहमति पत्र वा अन्य आवश्यक पर्ने भएमा सम्बन्धित निकायको सिफारिस पत्र,<br>✓ निमार्ण व्यवसायको लागि औजारहरुको स्वामित्वको प्रमाण र भ्याटको रसिद, बिमा गरेको प्रमाण, मे.ई.को सिफारिस, सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह उर्त्तिण १ जना प्राविधिक, जुनसुकै विषयमा प्रमाणपत्र तह उर्त्तिण १ जना प्रशासनिक र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उर्त्तिण १ जना जनशक्तिको सेवा पुरा समय प्राप्त हुने प्रतिबद्धता पत्र र उल्लेखित कर्मचारीको नियुक्ति पत्र,<br>✓ प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने उद्योगको हकमा सोही अनुसारको स्वीकृत पत्र,<br>✓ प्रा.लि.कम्पनी दर्ता गर्दा कम्पनी दर्ता प्रमाणपत्र, प्रबन्ध पत्र, नियमावली, मु.अ.कर / स्थायी लेखा नं.को प्रतिलिपी, सञ्चालकहरुको नागरिकताको प्रतिलिपी, शेयर लगत, कम्पनी अद्यावधिक लगायत आवश्यक कागजातहरु । | सम्पूर्ण कागजातहरु सहित प्रक्रिया पुगेमा सोही दिन । | **रजिष्ट्रेशन दस्तुर**<br>**कुल पूँजी लगानी** — **दस्तुर**<br>❖ ५ लाख भन्दा माथि २० लाखसम्म — रु.५०००/-<br>❖ २० लाख भन्दा माथि ५० लाखसम्म — रु.१५०००/-<br>❖ ५० लाख भन्दा माथि ५ करोडसम्म — रु.२५०००/-<br>(निवेदन दस्तुर रु. १००।-) | सम्बन्धित फाँट/ शाखा हेर्ने सहायक/ अधिकृत र उद्योग अधिकृत / वरिष्ठ उद्योग अधिकृत | प्रमुख उद्योग अधिकृत |

| क्र.सं. | सेवाको प्रकृति | सेवाग्राहीले पुऱ्याउनुपर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजातहरु | लाग्ने समय | लाग्ने राजश्व/दस्तुर रकम | सेवा प्रदान गर्ने जिम्मेवार फाँट, शाखा, अधिकृत | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| २. | **नामसारीः-<br>उद्योग /वाणिज्य फर्म** | क. **नामसारीको हकमाः**<br>✓ रु. १०/- को टिकट टाँसी क्रेता बिक्रेताको संयुक्त निवेदन,<br>✓ साक्षी रोहबरमा किनबेच गरेको राजिनामा कागज,<br>✓ मृत्यु नामसारी गर्नुपर्ने भएमा मृतकको मृत्युदर्ता प्रमाणपत्र, नाता प्रमाणित पत्र, सम्बन्धित वडा, कार्यालयको सक्कलै किटानी सिफारिस पत्र र हकवाला धेरै जना भए सक्कलै नागरिकता सहित कार्यालयको रोहबरमा सनाखत गरेको मन्जुरी पत्र,<br>✓ क्रेता/ बिक्रेताको सक्कलै नागरिकता, नागरिकताको प्रतिलिपी र क्रेताको २ प्रति फोटो, उद्योग / वाणिज्य फर्म दर्ताको सक्कलै प्रमाण पत्र,<br>✓ कानुन बमोजिमको अधिकृत बारेसनामाबाट नामसारी गर्ने भए सक्कलै अधिकृत वारेसनामाको पत्र,<br>✓ साझेदारी उद्योग/ वाणिज्य फर्म नामसारी गर्दा उल्लेखित कागजातहरु लगायत शेयर हिस्सा।<br>✓ आन्तरिक राजश्व कार्यालयको प्रतिक्रिया सहितको सहमति पत्र, | सम्पूर्ण कागजातहरु सहित प्रक्रिया पुगेमा सोही दिन। | ✓ निवेदन दस्तुर रु. १००/-<br>✓ एकल / प्राइभेट फर्मको हकमा दर्ता दस्तुर सरह,<br>✓ **साझेदारी फर्मको हकमाः** सबै साझेदार परिवर्तन हुने भए पुँजी अनुसार दर्ता दस्तुर सरह र सबै साझेदार परिवर्तन नहुने अवस्थामा रु. २००/- | सम्बन्धित फाँट/ शाखा हेर्ने सहायक / अधिकृत र उद्योग अधिकृत / वरिष्ठ उद्योग अधिकृत | प्रमुख उद्योग अधिकृत |
| ३. | **ठाउँसारीः-<br>उद्योग / वाणिज्य फर्म** | क. रु १० को टिकट टाँसी ठाउँसारीको निवेदन,<br>ख. सक्कल नागरिकता प्रमाणपत्र र सोको प्रतिलिपी,<br>ग. बाहिरी जिल्लाबाट ठाउँसारी भए सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयको सिफारिस सहितको सक्कलै फाईल।<br>घ. फर्म दर्ताको सक्कलै प्रमापत्र,<br>ङ. **उद्योगको हकमाः** उद्योग दर्ता गर्दाको सम्पुर्ण प्रक्रिया अनुसारको कागजातहरु,<br>च. **वाणिज्यको हकमाः** वाणिज्य दर्ता गर्दाको सम्पूर्ण प्रक्रिया अनुसारको कागजातहरु। | | ✓ निवेदन दस्तुर रु. १००/-<br>✓ ठाँउसारी दस्तुर रु. २००/- | | |
| ४. | **नविकरण उद्योग / फर्मको** | क. रु.१०/- को टिकट टाँसी नविकरण निवेदन,<br>ख. सक्कलै उद्योग/ वाणिज्य फर्म दर्ताको प्रमाणपत्र।<br>ग. पुँजी अनुसार लाग्ने दर्ता दस्तुरको हिसाबले साझेदारको हकमा १०% र प्राइभेट फर्मको हकमा २०% ले हुन आउने रकम (म्याद नकाटेको हकमा),<br>घ. कर चुक्ताको प्रमाण पत्र (कर चुक्ताको म्याद समाप्त भएमा म्याद थपको पत्र) र वार्षिक प्रगति विवरण,<br>ङ. प्राइभेट फर्मको लागि १ करोड वा सो भन्दा बढी पुँजी भएको हकमा लेखा परिक्षण प्रतिवेदन,<br>च. २० लाख भन्दा बढी कारोबार गर्ने साझेदारी फर्मको हकमा अनुसूची – ५ बमोजिमको आर्थिक विवरण र लेखापरिक्षण प्रतिवेदन, | | ✓ निवेदन दस्तुर रु. १००/-<br>✓ पुँजी अनुसार रजिष्ट्रेशन / दर्ता दस्तुरको २०% ले हुन आउने रकम,<br>✓ म्याद समाप्त भएको ६ महिनासम्म दर्ता दस्तुरको २० प्रतिशत,<br>✓ त्यस पछिको १ वर्षसम्म दर्ता दस्तुरको ५० प्रतिशत,<br>✓ त्यस पछिको २ वर्षसम्म दर्ता दस्तुरको १०० प्रतिशत,<br>✓ **साझेदारी फर्म / उद्योगको हकमाः** रजिष्ट्रेशन / दर्ता दस्तुरको १०% ले हुन आउने रकम, | | |
| ५. | **लगतकट्टा (उद्योग / वाणिज्य फर्म बन्द गर्ने)** | क. रु. १०/- को टिकट टाँसी लगतकट्टाको निवेदन,<br>ख. सम्बन्धित प्रोप्राइटर सक्कलै निवेदन सहित स्वंयम् उपस्थित हुनुपर्ने,<br>ग. फर्म दर्ताको सक्कल प्रमाण पत्र,<br>घ. आन्तरिक राजश्व कार्यालयको कर बक्यौता नरहेको सहमति पत्र,<br>ङ. कानुन बमोजिमको सक्कलै अधिकृत वारेसनामाबाट समेत लगतकट्टा गर्न सकिने। | | ✓ निवेदन दस्तुर रु. १००/-<br>✓ लगतकट्टा दस्तुर रु. २००/-<br>✓ हालसम्म नविकरण दस्तुर तिरेको वा अद्यावधिक भएको । | | |
| ६. | **उद्योग / वाणिज्य फर्मको पुजिवृद्धि** | क. रु. १०/- को टिकट टाँसी पुँजि बढाउनुपर्ने कारण खुलेको निवेदन पत्र,<br>ख. निवेदकको सक्कलै नागरिकता प्रमाण पत्र,<br>ग. **उद्योगको हकमा** अद्यावधिक परियोजना विवरण फाराम,<br>घ. लेखा परीक्षणको प्रतिवेदन,<br>ङ. आवश्यकता अनुसार बैंक स्टेटमेन्टको कागजातहरु,<br>च. घरजग्गा बिक्री गरेको भए सोको राजीनामा पत्र,<br>छ. मेशिन उपकरण खरिद गरेको भए सोको बिलहरु।<br>ज. उद्योग/फर्म दर्ताको सक्कलै प्रमाण पत्र, | | ✓ निवेदन दस्तुर रु. १००/-<br>✓ हालको बढेको पुँजीको रकममा लाग्ने दर्ता दस्तुरमा साविकको पुँजीको रकममा तिरेको दर्ता दस्तुर घटाई हुन आउने बाँकी रकम दस्तुर । | | |
| ७. | **उद्योग / वाणिज्य फर्मः क्षमता वृद्धि/उद्धेश्य थप** | क. रु.१०/- को टिकट टाँसी क्षमता वृद्धि वा उद्धेश्य थप गर्नुपर्ने कारण सहितको निवेदन,<br>ख. सक्कल नागरिकता प्रमाण पत्र,<br>ग. उद्योग/फर्म दर्ताको सक्कलै प्रमाण पत्र,<br>घ. स्वंयम् प्रोप्राइटर उपस्थित हुनुपर्ने। | | ✓ निवेदन दस्तुर रु १००/–<br>✓ उद्धेश्य थप दस्तुर रु २००/– | | |

| क्र.सं. | सेवाको प्रकृति | सेवाग्राहीले पुऱ्याउनुपर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजातहरु | लाग्ने समय | लाग्ने राजश्व/दस्तुर रकम | सेवा प्रदान गर्ने जिम्मेवार फाँट, शाखा, अधिकृत | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| ८. | **नाम परिवर्तनः- उद्योग /वाणिज्य फर्म** | ✓ रु. १०/- को टिकट टाँसी क्रेता बिक्रेताको संयुक्त निवेदन,<br>✓ प्रोप्राइटरको सक्कल नागरिकताको प्रमाणपत्र,<br>✓ अद्यावधिक कर चुक्ता प्रमाणपत्र।<br>✓ सक्कल दर्ता प्रमाणपत्र। | सम्पूर्ण कागजातहरु सहित प्रक्रिया पुगेमा सोही दिन। | ✓ निवेदन दस्तुर रु. १००/-<br>✓ दर्ता दस्तुर सरह, | सम्बन्धित फाँट/ शाखा हेर्ने सहायक/अधिकृत र उ.अधिकृत / वरिष्ठ उद्योग अधिकृत | प्रमुख उद्योग अधिकृत |
| ९. | **दर्ता प्रमाण पत्रको प्रतिलिपी** | क. रु. १०/- को टिकट टाँसी निवेदन पेश गर्ने,<br>ख. उद्योग/फर्मको दर्ता प्रमाण पत्रको फोटोकपी (सम्भव भएमा),<br>ग. प्रोप्राइटरको सक्कल नागरिकताको प्रमाणपत्र,<br>घ. स्वयम् प्रोप्राइटर उपस्थित हुनुपर्ने र प्रोप्राइटरको १ प्रति फोटो । | | ✓ निवेदन दस्तुर रु १००/-<br>✓ प्रतिलिपी दस्तुर रु १०००/- | | |
| १०. | **उपभोक्ता गुनासो उजुरी दर्ता** | यस कार्यालयलाई कुनै पनि माध्यमबाट जानकारी गराउन सकिने (उजुरी दर्ताको नाम ठेगाना गोप्य राख्न चाहे गोप्य रहने)।<br>✓ कार्यालयको फोन नं.०७१-५७०२०४<br>✓ ईमेल ठेगानाः-*csiobhw@gmail.com* | तुरुन्त | कुनै दस्तुर नलाग्ने | - | |
| ११. | **बजार अनुगमन निरीक्षण तथा कारबाही** | क. बजार अनुगमन तालिका बमोजिम र आवश्यकताका आधारमा,<br>ख. प्राप्त उजुरीका आधारमा, | - | कुनै दस्तुर नलाग्ने | - | |

<u>द्रष्टब्यः-</u>

क. सोही दिन भन्नाले कार्यालयमा मध्यान्ह २:०० बजे भित्र दर्ता भएको हकमा सोही दिन (शुक्रबारको हकमा १:०० बजे) र सो भन्दा पछि दर्ता भएको हकमा सो दिनको भोलिको दिनलाई बुझाउँदछ ।

ख. बैंक/कम्प्युटर लगायतका यान्त्रिक उपकरण सञ्चालनमा विद्युत, इन्धन, सफ्टवेयर आदिको समस्याले तोकिएको समयमा सेवा प्रवाहमा असर पर्न सक्नेछ ।

ग. ज्येष्ठ नागरिक, अशक्त, सुत्केरी महिलाको हकमा सेवा प्रवाहमा प्राथमिकता दिईनेछ ।

घ. प्रक्रिया पूरा भएपछि भन्नाले निर्देशिका र कार्यविधिमा उल्लेखित कुराहरुलाई जनाउँछ ।

ङ. यस वडापत्रमा समावेश नगरिएका अन्य काम कारबाही प्रचलित कानून बमोजिम सम्पादन हुनेछन् ।

च. सेवाग्राहीको सहजताको लागि सहायता कक्ष (Help Desk) बाट सहयोग लिन सक्नुहुनेछ ।

छ. कार्यालयको कार्यसम्पादनमा कुनै ढिलासुस्ती, हैरानी वा कुनै समस्या वा गुनासो भएमा सिधै कार्यालय प्रमुख समक्ष जानकारी दिनुहुनेछ ।